प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ,ओखलढुंगा

प्रदेश नं. १

## कार्यक्षेत्र : ओखलढुंगा

पत्र संख्या : ०७९/०८०
च.न. ८१

मिति : २०७९/०६/०४

विषय : सूचना पठाईएको सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय, ओखलढुंगा ।
श्री सिद्धिचरण न.पा., मानेभन्ज्याङ गा.पा., लिखु गा.पा., चिसंखुगढी गा.पा.,
मोलुङ्ग गा.पा., खिजीदेम्बा गा.पा., चम्पादेवी गा.पा., सुनकोशी गा.पा.,
ओखलढुंगा ।
श्री भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुंगा ।
श्री प्रधामन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन ईकाइ, ओखलढुंगा ।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र ओखलढुंगाको आ.व.२०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रमको "प्रस्ताव आव्हान सम्बन्धि पुनःसूचना" (पाना-२) यसै पत्रसाथ संलग्न गरि पठाईएको हुदा तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी समेत पठाईदिनु हुन अनुरोध छ । साथै सम्पूर्ण स्थानीय तहहरु मार्फत वँडा कार्यालयमा समेत यो सूचना टाँस हुने गरि व्यवस्था मिलाईदिनु हुन अनुरोध छ ।

..................
हेम बहादुर आले मगर
निमित्त कार्यालय प्रमुख

**बोधार्थ :**
श्री कृषि मन्त्रालय, प्रदेश नं. १ विराटनगर
श्री कृषि विकास निर्देशनालय, प्रदेश नं. १ विराटनगर
श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा

फोन. नं. ०३७५२०१३०
e-mail: akcokhaldhunga@gmail.com

Scanned with CamScanner

प्रदेश सरकार

कृषि मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ,ओखलढुंगा

## प्रदेश नं.१

## कार्यक्षेत्र : ओखलढुंगा

---

## प्रस्ताव आव्हान सम्बन्धि पुनःसूचना

दोश्रो पटक प्रकाशित मिति २०७९/०६/०४

फारम बुझाउने अन्तिम मिति २०७९/०६/१०

कृषि ज्ञान केन्द्र ओखलढुंगाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८", बमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यान्वयनका लागि ओखलढुंगा जिल्ला अन्तर्गतका ईच्छुक कृषक / कृषक समुह / सहकारी संस्था / कृषि उद्यमी/कृषि फर्महरुलाई मिति २०७९/०४/०१ गते प्रकाशित सुचना बमोजिम तपसिलका कार्यक्रमहरुको लागि प्रयाप्त अवेदन नपरेको हुदा यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (२०७९/०६/१० गते सम्म ) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ (म्याद अवधिको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा अन्तिम दिनको भोलिपल्ट सम्म आवेदन दर्ता खुल्ला गरिने छ) साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन ।

थप जानकारीका लागि यस कार्यालयको पैसा नलाग्ने टोल फ्री नं. १६६०३७५२००० वा फोन नं. ०३७-५२०१३० मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा कृषि विकास निर्देशनालय प्रदेश नं. १ विराटनगरको वेभसाईट doad.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति ईकाइ बजेट रु | अधिकतम अनुदान प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने साझेदार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५ | मागमा आधारित कार्यक्रम | संख्या | २० | ५० हजार | ७५% | कृषक/कृषक समूह / कृषि सहकारी /कृषि फर्म | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन / प्रस्तावना ।

२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदिले प्रति आवेदन रु २००/- र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/- राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००२०००१०००० राजस्व शिर्षक नं १४२२९ कार्यालय कोड ३१२०११ ००११ मा आवेदन दस्तुर वापत जम्मा गरि सोको सकल भैचर पेश गर्नु पर्नेछ ।

३. सम्बन्धित निकायमा कृषक समूह / कृषि सहकारी / निजी उद्यमी / कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

४. समूह / संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र गत आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

५. कृषि सहकारी / निजी उद्यमी / कम्पनीको हकमा गत आ.व. २०७८/७९ को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी

६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।

२०७९।६।४

हेम बहादुर आले मगर

निमित्त कार्यालय प्रमुख

Scanned with CamScanner

प्रदेश सरकार

कृषि मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ,ओखलढुंगा

## प्रदेश नं.१

## कार्यक्षेत्र : ओखलढुंगा

---

७. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा ।

८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

९. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।

१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र ।

११. प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपी ।

१२. कार्यक्रम अनुसारका "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८ बमोजिम माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा प्रस्ताव स्वत रद्द हुनेछ ।

नोटः माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढांचा र सम्बन्धित कार्यक्रम संचालन सम्बन्धि मापदण्ड कृषि ज्ञान केन्द्र, ओखलढुंगाबाट प्राप्त गर्न सक्नुहुनेछ । आवेदकहरुले बिगत ३ आर्थिक वर्षमा बिभिन्न सरकारी निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

६२०६
२०८१।६।१४

हेम बहादुर आले मगर
निमित्त कार्यालय प्रमुख

Scanned with CamScanner